# गफाडी राष्ट्रिय समिति

## नियमावली तथा कार्यविधि, २०८३

*नेपाल राजपत्रमा प्रकाशित मिति: २०८३/___/___*

***"गफ गरौं, हाँसौं, सिकौं र साथीपन बढाऔं।"***

### प्रस्तावना

साथीभाइबीच सिर्जनात्मक, मनोरञ्जनात्मक, ज्ञानमूलक तथा उत्पादक गफ–संस्कृतिको विकास गर्ने, स्वस्थ हास्यव्यङ्ग्यलाई प्रोत्साहन गर्ने, सामाजिक सद्भाव कायम राख्ने तथा फुर्सदलाई रचनात्मक बनाउने उद्देश्यले "गफाडी राष्ट्रिय समिति" स्थापना गरिएको हो।

यस समितिले मनोरञ्जन, सिर्जनशीलता, अध्ययन–चर्चा, सामूहिक रमाइलोपन तथा मानसिक ताजगीलाई प्रवर्द्धन गर्नेछ।

### परिच्छेद–१

### संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम: यस नियमावलीको नाम "गफाडी राष्ट्रिय समिति नियमावली तथा कार्यविधि, २०८३" रहनेछ।

२. प्रारम्भ: यो नियमावली समिति गठन भएको मितिदेखि लागू हुनेछ।

३. कार्यालय: समितिको केन्द्रीय कार्यालय जहाँ कुर्सी खाली हुन्छ त्यहीँ रहनेछ। विशेष अवस्थामा चिया पसल, छत, गल्ली, पार्क वा अनलाइन मिटिङ कक्षलाई अस्थायी कार्यालय मानिनेछ।

### परिच्छेद–२

### उद्देश्य

समितिका उद्देश्यहरू देहाय बमोजिम रहनेछन्:

- स्वस्थ तथा सभ्य गफ–संस्कृतिको विकास गर्नु।
- मनोरञ्जनात्मक तथा सिर्जनात्मक छलफल सञ्चालन गर्नु।
- ज्ञान, शिक्षा, समसामयिक विषय तथा जीवन अनुभव आदानप्रदान गर्नु।
- सदस्यहरूको मानसिक तनाव कम गर्दै मनोरञ्जन प्रदान गर्नु।
- सामूहिक घुमफिर, चिया–चर्चा, गेम, कविता, मिम तथा हास्य कार्यक्रम आयोजना गर्नु।
- "बिना प्रमाण ठूलो दाबी नगर्ने" संस्कृतिको विकास गर्नु।
- अनावश्यक झगडा, रिसइबी तथा व्यक्तिगत आक्रमणलाई निरुत्साहित गर्नु।

गफाडी राष्ट्रिय समिति

## परिच्छेद–३

## समिति संरचना

समितिमा निम्न पदाधिकारी रहनेछन्:

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १ | अध्यक्ष | १ |
| २ | सचिव | १ |
| ३ | कोषाध्यक्ष | १ |
| ४ | सदस्य | ३ |
| | जम्मा | ६ |

समितिका सबै सदस्य पुरुष रहनेछन्।

## परिच्छेद–४

## पदाधिकारीको काम, कर्तव्य र अधिकार

### ४.१ अध्यक्ष:

अध्यक्षको काम, कर्तव्य र अधिकार:

- बैठकको अध्यक्षता गर्ने।
- अत्यधिक बोरिङ गफलाई समयमै रोक्ने।
- विवाद समाधान गर्ने।
- "आजको मुख्य गफ विषय" घोषणा गर्ने।
- समिति अनुशासन कायम राख्ने।

### ४.२ सचिव:

- बैठकको सूचना दिने।
- निर्णय लेख्ने तथा अभिलेख राख्ने।
- गफको स्तर न्यून भएमा नयाँ विषय ल्याउने।
- वार्षिक "टप गफ अवार्ड" को सूची तयार गर्ने।

### ४.३ कोषाध्यक्ष:

- चिया, खाजा तथा मनोरञ्जन खर्चको हिसाब राख्ने।

- सदस्यबाट मासिक चन्दा संकलन गर्ने।
- "उधारो चिया" सम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने।
- आर्थिक पारदर्शिता कायम गर्ने।

**४.४ सदस्य:**

- नियमित उपस्थित हुने।
- सभ्य तथा मनोरञ्जनात्मक गफ गर्ने।
- आवश्यक परेमा चिया मगाउने।
- अरूको कुरा बीचमै काटेर "मलाई थाहा छ" कम भन्ने प्रयास गर्ने।

## परिच्छेद–५

## सदस्यता सम्बन्धी व्यवस्था

**५.१ सदस्य बन्न आवश्यक योग्यता:**

- कम्तीमा ३० मिनेट लगातार गफ गर्न सक्ने।
- हास्यबोध भएको।
- साथीभाइसँग मिलेर बस्न सक्ने।
- चिया पिएपछि बिल देखेर गायब नहुने।

**५.२ सदस्यता खारेजी:**

देहायको अवस्थामा सदस्यता खारेज हुन सक्नेछ:

- लगातार ५ बैठकमा बिना सूचना अनुपस्थित भएमा।
- अत्यधिक झुट्टा "फेक गफ" फैलाएमा।
- चिया–खाजा पैसा बारम्बार नतिरेमा।
- समूहको गोप्य गफ बाहिर चुहाएमा।

## परिच्छेद–६

## बैठक सम्बन्धी व्यवस्था

(१) समिति बैठक हप्तामा कम्तीमा १ पटक बस्नेछ।

(२) आपतकालीन गफ बैठक आवश्यकता अनुसार बोलाउन सकिनेछ।

(३) बैठकको कोरम ४ जना हुनेछ।

(४) बैठक सुरु हुनुअघि "आज कसले चिया खुवाउने?" विषय टुङ्ग्याउनुपर्नेछ।

(५) मोबाइलमा रील हेर्दै बैठकमा बस्न नपाइनेछ।

गफाडी राष्ट्रिय समिति

(६) बैठकमा कुनै पनि सदस्यको कुरालाई अनादर गर्न पाइने छैन।

## परिच्छेद–७

## आर्थिक व्यवस्था

(१) मासिक चन्दा न्यूनतम रु. ० रहनेछ।

(२) विशेष कार्यक्रमका लागि अतिरिक्त शुल्क उठाउन सकिनेछ।

(३) कोषको रकम मुख्यतः चिया, खाजा, गेम, घुमफिर, जन्मदिन कार्यक्रम तथा आकस्मिक "मूड फ्रेश" कार्यक्रममा खर्च गरिनेछ।

(४) हरेक आर्थिक वर्षको अन्तमा आय–व्यय विवरण सदस्यहरूसमक्ष प्रस्तुत गरिनेछ।

## परिच्छेद–८

## आचारसंहिता

समितिका सदस्यहरूले:

- व्यक्तिगत अपमान नगर्ने।
- जात, धर्म, राजनीति वा संवेदनशील विषयमा अत्यधिक विवाद नगर्ने।
- सभ्य भाषा प्रयोग गर्ने।
- साथीलाई अनावश्यक ट्रोल नगर्ने।
- "स्क्रीनसट लिक" नगर्ने।
- अन्य सदस्यको भावना र विचारको सम्मान गर्ने।

## परिच्छेद–९

## विशेष कार्यक्रम

समितिले आवश्यकता अनुसार निम्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ:

- चिया सम्मेलन
- रात्रीकालीन गफ महोत्सव
- मिम प्रतियोगिता
- कविता तथा र्याप कार्यक्रम
- ट्रिप तथा पिकनिक
- "सबैभन्दा ठूलो गफाडी" सम्मान कार्यक्रम
- वार्षिक "गफाडी भूषण" पुरस्कार वितरण समारोह

गफाडी राष्ट्रिय समिति

## परिच्छेद–१०

### विविध

(१) यो नियमावली आवश्यकतानुसार संशोधन गर्न सकिनेछ।

(२) संशोधनका लागि दुई तिहाइ बहुमत आवश्यक हुनेछ।

(३) नियमावलीमा उल्लेख नभएको विषय समितिको बैठकबाट निर्णय गरिनेछ।

(४) यो नियमावली लागू भएपछि यसअघिको कुनै पनि मौखिक सहमति वा अभ्यास स्वतः खारेज हुनेछ।

गफाडी राष्ट्रिय समिति

## अनुसूची–१

### समितिको आदर्श वाक्य

***"गफ गरौं, हाँसौं, सिकौं र साथीपन बढाऔं।"***

गफाडी राष्ट्रिय समिति

# अनुसूची–२

## पदाधिकारीको नमूना सूची

| पद | नाम |
|---|---|
| अध्यक्ष | ______________________________ |
| सचिव | ______________________________ |
| कोषाध्यक्ष | ______________________________ |
| सदस्य | ______________________________ |
| सदस्य | ______________________________ |
| सदस्य | ______________________________ |

गफाडी राष्ट्रिय स

## अनुसूची–३

## सदस्यता आवेदन फारामको नमूना

### गफाडी राष्ट्रिय समिति

### सदस्यता आवेदन फाराम

१. नाम (नेपालीमा): ____________________________________________

२. नाम (अङ्ग्रेजीमा): ____________________________________________

३. जन्म मिति (वि.सं.): __________/__________/__________

४. स्थायी ठेगाना: ____________________________________________

५. हाल बस्ने ठेगाना: ____________________________________________

६. मोबाइल नम्बर: ____________________________________________

७. इमेल ठेगाना: ____________________________________________

८. हास्यबोधको स्तर (आँफै मूल्याङ्कन गर्नुस्): ☐ बढी ☐ मध्यम ☐ कम

९. ३० मिनेट लगातार गफ गर्न सक्ने?: ☐ सक्छु ☐ सक्दिन

१०. चिया बिल तिर्ने वचनबद्धता: ☐ गर्छु ☐ गर्दिन

*माथिको विवरण सत्य छ। सदस्यता नियमावली बमोजिम मलाई गफाडीको सदस्यता प्रदान गरिपाऊँ।*

आवेदकको नाम: ______________________

हस्ताक्षर: ______________________

मिति: __________/__________/__________

टेलिफोन: ______________________

गफाडी राष्ट्रिय समिति

## अनुसूची–४

### मासिक चन्दा र उधारो तथ्याङ्कको ढाँचा

| क्र.सं. | सदस्यको नाम | चन्दा रकम (रु.) | चिया उधारो (रु.) | टिप्पणी |
|---|---|---|---|---|
| 1 | | | | |
| 2 | | | | |
| 3 | | | | |
| 4 | | | | |
| 5 | | | | |
| 6 | | | | |

गफाडी राष्ट्रिय स

## अनुसूची–५

## विशेष सम्मान प्रमाणपत्रको नमूना

### गफाडी राष्ट्रिय समिति

### सम्मान प्रमाणपत्र

श्री / श्रीमती ______________________ ले असल गफ, हास्य र साथीपनमा उत्कृष्ट योगदान पुर्याउनुभएको हुँदा हार्दिक धन्यवाद तथा "गफाडी भूषण" सम्मान प्रदान गरिन्छ।

| **अध्यक्ष** | **सचिव** | **कोषाध्यक्ष** |
|---|---|---|
| _________________________ | _________________________ | _________________________ |
| (हस्ताक्षर) | (हस्ताक्षर) | (हस्ताक्षर) |
| मिति: ____/____/____ | मिति: ____/____/____ | मिति: ____/____/____ |

गफाडी राष्ट्रिय समिति

## प्रमाणिकरण

यो नियमावली समिति गठन भेलाबाट सर्वसम्मतिले स्वीकृत गरी लागू गरिएको प्रमाणित गरिन्छ।

**अध्यक्ष:** ______________________________
*(हस्ताक्षर तथा छाप)*

**सचिव:** ______________________________
*(हस्ताक्षर तथा छाप)*

**मिति: २०८३/___/___**

गफाडी राष्ट्रिय समिति